वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : २ मितिः २०८२/०३/१६

भाग : २

## वीरेन्द्रनगर नगरपालिका विद्यालय बस सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः**

वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्ने उद्देश्यले सञ्चालनमा ल्याएका सवारी साधनले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "वीरेन्द्रनगर नगरपालिका विद्यालय बस सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "उपप्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनुपर्छ।

(घ) "प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "विद्यालय बस" भन्नाले सामुदायिक, संस्थागत वा अन्य निकायबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई सञ्चालन गरेका सवारी साधनलाई सम्झनुपर्छ।सो शब्दले बस माइक्रोबस, मिनिबस, जिप र भ्यान समेतलाई जनाउँदछ।

## ३. विद्यालय बस मापदण्ड:


(१) विद्यालयले आफ्नो विद्यार्थीको सुरक्षित किसिमले ओसारपसार गराउन सञ्चालन गर्ने विद्यालय बस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछः

(क) विद्यालय बसको बाहिरको रङ सुन्तला रङको हुनुपर्नेछ तर भाडाको बसमा भने यो रङ लागू नहुन सक्छ।

(ख) विद्यालय बसको अगाडि र पछाडि विद्यालय बस (School Bus) कालो रंङले लेखिएको हुनुपर्नेछ।

(ग) विद्यालयले भाडामा लिएको भए विद्यालयको नाम सहित On School Duty लेखिएको ब्यानर वा बसको अगाडि र पछाडि देखिने गरी School Bus लेखिएको प्लेट हुनुपर्नेछ।

(घ) विद्यालयको परिचय खुल्ने गरी १५० मि.मि. उचाईको गोल्डेन ब्राउन रङमा विद्यालयको नाम दुबैपट्टी झ्यालको तह (Level) भन्दा तल लेख्नुपर्नेछ। साथै विद्यालयको ठेगाना र फोन नम्बर पनि उल्लेख हुनुपर्नेछ। विद्यालय बसमा कालो रङमा बसको अगाडि र पछाडि निम्नानुसारको चिन्ह लेखिएको हुनुपर्नेछ।






(२) विद्यालय बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछः

(क) आपतकालिन ढोका (Emergency Exit) सबै विद्यालय बसमा पछिल्लो आधा भागको बाँयातिर Emergency Exit को व्यवस्था हुनु पर्नेछ, Emergency Exit को तल्लो तह (Level) बसको भुँई सरहको र माथिल्लो तह (Level) झ्यालको माथिल्लो तह बराबरको हुनुपर्नेछ,

(ख) सुरक्षाः विद्यालय बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा Emergency Exit बन्द गर्ने व्यवस्था गरी विद्यार्थीको यात्रालाई सुरक्षित बनाउनु पर्नेछ,

(ग) झ्यालको ग्रीलः विद्यालय बसको झ्यालमा कम्तिमा तीन वटा Horizontal Round Metal/ Round Aluminum Tube को ग्रील विद्यालय बसको दुबै झ्यालमा लगाएको हुनुपर्नेछ,

(घ) प्राथमिक उपचार बाकसः विद्यालय बसमा देखिने ठाउँमा प्राथमिक उपचार बाकस (First-Aid Box) को व्यवस्था हुनुपर्नेछ,

(ङ) अग्नि नियन्त्रण उपकरणः बसमा देखिने ठाउँमा अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) राखिएको हुनुपर्नेछ,

(च) फोहोरको व्यवस्थाः प्रत्येक विद्यालय बसमा अनिवार्य रुपमा फोहोर राख्ने डस्टविन राखिएको हुनुपर्नेछ,

(छ) बसको ढोकाको चुकुल (Door Lock) बालबालिकाले सहजै चलाउन सक्ने भरपर्दो प्रणाली भएको हुनुपर्नेछ,

(ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ,

(झ) झ्यालको सिसाः झ्यालको सिसामा कुनै पनि किसिमको रङ लेपन नगरी पारदर्शी हुनुपर्नेछ ,

(ञ) बसको प्रवेश द्वारः विद्यालय बसको प्रवेश द्वारको सबैभन्दा तल्लो सिंढी जमिनमाथि ३०० मि.मि. भन्दा बढी हुनु हुँदैन,

(ट) बसको सिटको अवस्थाः बसको सिटको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनै पनि भागबाट तिखो वा धारिलो वस्तु बाहिर निस्किएको हुनुहुदैन,

(ठ) स्कुल ब्याग तखताः स्कुल ब्याग सुरक्षित किसिमले राख्नका लागि बसभित्र स्कुल ब्याग तखताको व्यवस्था हुनुपर्नेछ,

(ड) बस सिटको रेखाङ्कन (Layout): सम्पूर्ण सिट अगाडि फर्किएको (Forward Facing) हुनुपर्नेछ। चढ्ने ओर्लने सिंढी (Step Well) को छेउको सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ,

(ढ) अपाङ्गता भएका बालबालिकालाई सहज हुनेगरी बस्ने व्यवस्थापन गर्ने र ह्विल चियर बसमा राख्ने प्रबन्ध गर्नुपर्नेछ ,

(ण) भाडामा प्रयोग गरिने सवारी साधनमा स्कुल बस चिनिने गरी विद्यार्थी बोकेको सवारी साधन शब्दावली प्रयोग गर्नु पर्नेछ,

(त) बस, मिनिबस, माइक्रोबस, जीप, भ्यान भन्दा वाहेक विपरित दिशामा सिट फर्काइएको सवारी साधन, ट्याम्पो, रिक्सा र मालबाहक सवारी साधन विद्यार्थी आवत जावत गर्ने सवारी साधनको रुपमा विद्यालयले प्रयोग गर्न पाउने छैन,

(थ) सवारी साधनको नियमित मर्मत संभार गर्नु पर्नेछ,

(द) सवारी साधनका चालक तथा सहचालकको आचार संहिता बनाई लागू गर्नु पर्नेछ,

(ध) नेपाल सरकारबाट भन्सार राजश्व छुट पाएको विद्यालयको सवारी साधनमा "नेपाल सरकारबाट भन्सार/राजश्व छुट पाएको" भनी लेखिएको हुनु पर्नेछ,

(न) विद्यालयको सवारी साधनले यातायात तथा सवारीका अन्य मापदण्ड पूरा गरेको हुनु पर्नेछ,

(प) विद्यालयको सवारी साधनबाट आवतजावत गर्ने प्रयोजनका लागि विद्यालय र विद्यार्थीको घरको (आवास) दूरी बढीमा निम्नानुसार हुनेछ,

| स्थान | कक्षा १-५ | कक्षा ६ भन्दा माथि |
|---|---|---|
| उपत्यका | १२ किलोमिटर | १८ किलोमिटर |
| उपत्यका बाहिर | १५ किलोमिटर | २५ किलोमिटर |

(फ) विद्यालयमा प्रयोग हुने सामग्री, साधन तथा भौतिक संरचना विद्यार्थीको स्वास्थ्य अनुकूलको हुनेछ .

(३) विद्यालय बस सहचालकः विद्यालय बसमा सहचालकको व्यवस्था भएको हुनुपर्नेछ।

(४) सिट संख्या र बसको क्षमताः विद्यालय बसले बसको सिट क्षमता बराबरको संख्यामा विद्यार्थी राख्नुपर्नेछ।

**४. विद्यालय बसमा विद्यार्थीको विवरणः**

(१) विद्यालय बसमा विद्यार्थीको विवरण देहाय अनुसार हुनेछ

(क) प्रत्येक विद्यार्थीका लागि बसको नम्वर, रुट र बिसौनी उल्लेख गरेको विद्यार्थीको तस्विर सहितको परिचयपत्र जारी गरेको हुनुपर्नेछ।

(ख) बस चालकले विद्यार्थीको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ।

(ग) सूचीमा विद्यार्थीको नाम, अभिभावकको नाम सम्पर्क नम्बर ठेगाना, कक्षा, रक्त समूह, रोक्नुपर्ने बिसौनी उल्लेख हुनुपर्नेछ।



(घ) बसमा बस सञ्चालन हुने मार्गको मार्ग तालिका र समयको विवरण टाँस गरेको हुनुपर्नेछ।

**बसको गति सीमित हुनुपर्नेः** विद्यालय बस कुनै पनि किसिमले अधिकतम ४० कि.मि. (चालिस किलोमिटर) प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाइनेछैन।

**टप चिन्ह (Stop Sign ):** बसको सहचालकले चाहिएको बेलामा विद्यार्थीलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (Traffic Sign) बस भित्र राखिएको हुनुपर्नेछ।

**धुम्रपान तथा मद्यपान गर्न नपाइनेः** विद्यालय बसमा कसैले पनि धुम्रपान तथा मद्यपान गर्न पाइने छैन।

**बालश्रम निषेधः** विद्यालय बस सञ्चालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाइनेछैन।

**विद्यालय बस चालक तथा सहचालक सम्बन्धी व्यवस्थाः** विद्यालय बसमा चालक तथा सहचालक सम्बन्धी देहाय अनुसार व्यवस्था हुनेछ

(क) विद्यालय बसका चालक तथा सहचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ।

ख) विद्यालय बसका चालक तथा सहचालकले सम्बन्धित विद्यालयले तोकिए बमोजिमको पोसाक र परिचयपत्र अनिवार्य लगाउनु पर्नेछ।

**. विद्यालयको दायित्वः** विद्यालयबस मा विद्यालयको दायित्व देहाय अनुसार हुनेछ

(क) अनुभवी चालकको व्यवस्था गर्ने।

(ख) प्रत्येक विद्यार्थी, चालक र सहचालकले जान्ने गरी सामान्य ट्राफिक नियमका बारेमा समय समयमा जानकारी गराउनु पर्नेछ।

(ग) विद्यालय बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनु पर्नेछ।

(घ) विद्यालयले भाडाका बस लिँदा नियमित रुट (बाटो) बाहेक अन्यत्र सञ्चालन गर्नुपरेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ।

(ङ) विद्यालयले विद्यार्थी ओसारपसारमा प्रयोग हुने प्रत्येक विद्यालय बसको यातायात व्यवस्था कार्यालयमा दर्ता गराई अद्यावधिक गराउनुपर्नेछ।

(च) बस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नं. लेखेको हुनुपर्नेछ।

**११. सवारी चालकको दायित्वः** विद्यालय बसमा सवारी चालकको दायित्व देहाय अनुसार हुनेछ

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधनसँग सम्बन्धित सबै किसिमका कागजात (सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, सवारी जाँचपास पत्र) साथमा राख्नुपर्नेछ।

(ख) तोकिए बमोजिमको पोसाक र परिचयपत्र लगाएको हुनुपर्नेछ।

(ग) चालकले कुनै पनि अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति राख्न पाइने छैन।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ।

(ङ) सडकमा सवारी चलाउँदा अत्यावश्यक सेवाका सवारी साधनलाई प्राथमिकता दिनुपर्नेछ।

(च) चालकले सदैव एकजना सहचालक साथमै लिई हिड्नुपर्नेछ।

(छ) चालकले कुनै अभिभावक विद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगानुपर्नेछ।

(ज) सवारी साधन चलाएको अवस्थामा मोवाइल वा इयरफोनको प्रयोग गर्न पाइने छैन।

(झ) कुनै पनि यौनजन्य दुर्व्यवहार हुन सक्ने गतिविधि नगर्ने नगराउने।

(ञ) बाल संरक्षणको पूर्ण पालना गरी बालबालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याउन पाइने छैन।

**१२. अभिभावक र विद्यार्थीको दायित्वः**

(१) अभिभावकको दायित्वः विद्यालय बसमा अभिभावकको दायित्व देहाय अनुसार हुनेछ

(क) विद्यालयले तोकेको [illegible] बिसौनी र समयमा अभिभावकले विद्यार्थीलाई पुऱ्याउनु तथा [illegible] र्नेछ।

(ख) पूर्व प्राथमिक त[illegible] विद्यार्थीको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुऱ्याउन तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउनु पर्नेछ।

(ग) चालकले सवारी नियम तथा यस निर्देशिका विपरीत सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ।

(घ) अभिभावकले चालकसँग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुँदैन।

(ङ) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नु हुँदैन।



(२) विद्यार्थीको दायित्वः विद्यालयबस मा विद्यार्थीको दायित्व देहाय अनुसार हुनेछ

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहोर नगर्ने, आपसमा मिलेर बस्ने झ्यालबाट फोहोर नफाल्ने र चालक तथा सहचालकसँग भद्र व्यवहार गर्ने दायित्व सम्बन्धित विद्यार्थीको हुनेछ।

(ख) चालकले सवारी नियम उल्लङ्घन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ।

(ग) ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालन गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्ग दर्शकको भूमिका निर्वाह गर्ने।

**१३. अनुगमनः**

(१) यो कार्यविधि पालना गरे नगरेको विषयमा वीरेन्द्रनगर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका साथै अधिकार प्रत्यायोजन भएका निकायले अनुगमन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनबाट यो कार्यविधिमा भएको प्रावधान र अन्य प्रचलित कानून बमोजिमको मापदण्ड तथा सर्त पूरा नगरेको पाइएमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कारवाही गर्ने वा कारवाहीको लागि सिफारिस गर्न सक्नेछ।

**१४. विविधः**

(१) कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(२) कार्यविधिमा भएको व्यवस्था उल्लङ्घन गरिएको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारवाही हुनेछ।

आज्ञाले,
**लक्ष्मी प्रसाद बास्कोटा**
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका विद्यालय बस सञ्चालन कार्यविधि, २०८२, मुल्य रू.५। -